नाम्खा गाउंपालिका, ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

२०७६ श्रावण



आर्थिक वर्ष २०७५/०७६ को

वार्षिक

# प्रगति प्रतिवेदन

नाम्खा गाउंपालिका
गाउंकार्यपालिकाको कार्यालय
यालवाङ्ग
कर्णाली प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
हुम्ला

# विषय सूची


आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश ... 2

१. पृष्ठभूमी ... 4

२. लक्ष बमोजिम उपलब्धी ... 5

२.१. जलउपयोग गुरुयोजना ... 5

२.२. भौतिक प्रगति ... 5

२.४. जीविकोपार्जन कार्यक्रम ... 7

३. अनुगमन तथा प्रतिवेदन ... 9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ... 10

५. नीति तर्जुमा ... 10

६. सहकार्य ... 11

७. आइपरेका समस्याहरु ... 11

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ... 12

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ... 14

अनुसूची २.१ : परीयोजना द्धारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्य योजनाहरुको अवस्था ... 15

अनुसूची २.२ : गत वर्ष २०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था ... 16

अनुसूची २.३ : आर्थीक बर्ष २०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था ... 16

अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु ... 17

अनुसूची ४ : भिजिबिलिटी ... 18

अनुसूची ५ : जनशक्ति विवरण ... 19


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति

तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण

तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश

तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण

तालिका ६ : आयआर्जन सम्बन्धी विवरण

तालिका ७ : सहकारी सम्बन्धी विवरण

तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण

तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन

तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक

तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य

तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु

## आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश

<table>
<tr><td>स्थानीय तहको नाम:</td><td colspan="5">नाम्खा</td></tr>
<tr><td>परियोजनाको नाम :</td><td colspan="5">ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण</td></tr>
<tr><td>प्रतिवेदनको समयावधी</td><td colspan="5">१ श्रावण २०७५ देखी ३१ आषाढ २०७६<br>(16th July 2018 to 16th July 2019)</td></tr>
<tr><td colspan="6">क. आर्थिक प्रगती सारांश</td></tr>
<tr><td rowspan="4">परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत)</td><td>शीर्षक</td><td>बजेट</td><td>निकासा</td><td>खर्च</td><td>खर्च %</td></tr>
<tr><td>पूँजीगत</td><td>३०,८९५.००</td><td>३०,९७३.००</td><td>३०,९७३.००</td><td>१००%</td></tr>
<tr><td>कार्यक्रम/चालु:</td><td>१०,७००.००</td><td>१०,७००.००</td><td>९,१६७.४५</td><td>८६%</td></tr>
<tr><td>जम्मा</td><td>४१,५९५.००</td><td>४१,६७३.००</td><td>४०,१४०.४५</td><td>९७%</td></tr>
<tr><td rowspan="9">श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था (रु हजारमा)</td><td>लगानीको स्रोत</td><td>बजेट</td><td>निकासा</td><td>खर्च</td><td>खर्च %</td></tr>
<tr><td>स्थानीय तह</td><td>५,२४८.००</td><td>५,३२६.००</td><td>५,३२६.००</td><td>१०१%</td></tr>
<tr><td>नेपाल सरकार</td><td>१७,८०९.००</td><td>१७,८०९.००</td><td>१७,८०९.००</td><td>१००%</td></tr>
<tr><td>दातृ निकाय (GoF/EU)</td><td>१८,५३८.००</td><td>१८,५३८.००</td><td>१७,००५.४५</td><td>९२%</td></tr>
<tr><td>जम्मा</td><td>४१,५९५.००</td><td>४१,६७३.००</td><td>४०,१४०.४५</td><td>९७%</td></tr>
<tr><td>उपभोक्ताको Cash</td><td>४७९.६०</td><td>४७९.६०</td><td>४७९.६०</td><td>१००%</td></tr>
<tr><td>उपभोक्ताको Kind</td><td>१०८७८.५२</td><td>१०८७८.५२</td><td>१०८७८.५२</td><td>१००%</td></tr>
<tr><td>जम्मा</td><td>११३५८.१२</td><td>११३५८.१२</td><td>११३५८.१२</td><td>१००%</td></tr>
<tr><td>कुल जम्मा</td><td>५२९५३.१२</td><td>५३०३१.१२</td><td>५१४९८.५८</td><td>९७%</td></tr>
<tr><td colspan="6">ख. भौतिक प्रगती सारांश</td></tr>
<tr><td>नतिजा क्षेत्र</td><td colspan="5">आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी</td></tr>
<tr><td><u>नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता</u></td><td colspan="5">○ ६ वटा खानेपानी तथा सरसफाइ योजनाहरु सम्पन्न भई १४९७ जनसंख्या लाभान्वित भएका छन् ।<br>○ ३ वटा सुधारीएको घट्ट योजनाहरु सम्पन्न भई ९९३ जनसंख्या लाभान्वित भएका छन् । ३ वटा संस्थागत शौचालयहरु निर्माण सम्पन्न भई ६३१ जना लाभान्वित भएका छन् ।<br>○ आ.व.२०७५/०७६ मा सम्झौता भएका ५ वटा खानेपानी तथा सरसफाइ योजना, १ बहुउपयोगि (सिंचाई तथा घट्ट) योजना, १ वटा सिंचाई योजना, २ सुधारीएको चुल्हो योजना र ३ संस्थागत शौचालय कार्यान्वयनमा रहेका र आगामी आ.व. २०७६।७७ मा निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन् ।</td></tr>
<tr><td><u>नतिजा २ : जीविकोपार्जन प्रवर्द्धन</u></td><td colspan="5">○ ११ वटा घरबारी व्यवस्थापन समुह गठन गरिएको र घरवारी व्यवस्थापन तालिम दिईएको छ ।<br>○ ३१३ घरधुरीहरु घरवारी व्यवस्थापन तालिमबाट लाभान्वित भएका छन् ।</td></tr>
</table>



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | ○ १० जना अगुवा किसानहरु लागि घरवारी व्यवस्थापन तालिम तथा ४ जना किसानहरु बेमौसमी तरकारी खेती तालिमबाट लाभान्वित भएका छन् । २ जना स्थानीय श्रोत व्यक्तिहरुका लागि पनि घरवारी व्यवस्थापन तालिम तथा बेमौसमी तरकारी खेती तालिममा सहभागी गराई परिचालन गरियो । |
| **नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण** | ○ संचालित खानेपानी योजनाहरुका मुहान तथा सिचाई योजनाहरुका मुहानहरुमा बृक्षारोपण गरिएको छ ।<br>○ फलामे सुधारिएको चुल्हो योजानबाट वन जंगल विनास हुनबाट जोगिने अपेक्षा गरिएको छ । |
| **नतिजा ४ : क्षमता विकास** | ○ संचालित खानेपानी तथा सरसफाइ योजना, सिंचाई योजनाहरुका उपभोक्ता समितिहरुलाई चरणबद्ध क्रियाकलापका तालिमहरु संचालन गरिएको ।<br>○ सेवा प्रदायक संस्थका कर्मचारीहरुलाई परियोजना सम्वन्धी अभिमुखिकरण गोष्ठि संचालन गरिएको ।<br>○ सहकारी संस्थाका पदाधिकारी र परियोजनाका कर्मचारीहरुलाई ऋृण , लेखा व्यवस्थापन तालिम संचालन ।<br>○ महिला जनप्रतिनिधि तथा शिक्षकहरुलाई ३ दिने निर्णयमा महिला विषयक कार्यशाला गोष्ठी संचालन । |

# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु (अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वक निरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनो (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०४।१३ स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७५/०७६ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये **१००** प्रतिशत रकम निकासा भै **९७** प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको सबै खर्च भएको छ भने दातृ निकाय तर्फको **रु १५,३२,५४७।** परियोजना कार्यालयमा फिर्ता गरिएको छ । स्थानीय तहको विनियोजित **रु. ५२,४८,०००। मध्ये रु. ५३,२६,०००।** खर्च भएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा **९७%** आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका २३ वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ११ वटा योजनाहरु सम्पन्न भएका छन् भने १२ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन् ।

यस प्रतिवेदनमा नाम्खा गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## २. लक्ष बमोजिम उपलब्धी

### २.१. जलउपयोग गुरुयोजना

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा तर्जुमा गर्ने लक्ष राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ। जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ। जलउपयोग गुरुयोजना सम्बन्धमा यस आर्थिक वर्षमा भएको प्रगति निम्न बमोजिम रहेको छ।

***तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति***

| लक्ष्य | प्रगति |
|---|---|
| गाउपालिका स्तरीय जलउपयोग गुरुयोजना गोष्ठि | १०० |

### २.२. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

१. ६ वटा खानेपानी तथा सरसफाइ योजनाहरु सम्पन्न भई १४९७ जनसंख्याहरुले सफा, स्वच्छ खानेपानी पिउने गरेका छन् र घरवारी वगैचामा प्रयोग गर्ने गरेका छन्।

२. ३ वटा सुधारीएको घट्ट योजनाहरु सम्पन्न भई ९९३ जनसंख्या लाभान्वित भएका छन्। ३ वटा संस्थागत शौचालयहरु निर्माण सम्पन्न भई ६३१ जना लाभान्वित भएका छन्।

३. घरवारी व्यवथापन तालिमबाट ३१३ घरघुरीहरु लाभान्वित भई पोषणमा टेवा मिलेको छ साथै व्यवसायिक तरकारी खेती गर्नमा समुदायहरु उत्साहित भएका छन्।

४. नाम्खा वार्ड नं. ४ का सवै घरधुरीहरु फलामे सुधारीएको चुल्होबाट लाभान्वित भएका छन्। नाम्खा वार्ड नं. १ र ३ मा पनि सुधारीएको फलामे चुल्हो वितरण गरिदै छ। नाम्खा गाउपालिकाका ३ वटा वडाहरुलाई घरभित्रको धुवा मुक्त वडा घोषणा गरिदै छ।

***तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी***

| क्र.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | ६ | १४९७ | ६ | १४९७ | १००% | १००% |
| २ | सिँचाई योजनाहरु | ० | ० | ० | ० | ०% | ०% |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | ३<br>३ | ६३१ | ३<br>३ | ६३१ | १००% | १००% |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | ११ | ३१३ | ११ | ३१३ | १००% | १००% |
| ५ | सुधारिएको चुल्हो (संख्या) | ०<br>० | ० | ०<br>० | ० | ०% | ०% |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | ३ | ९९३ | ३ | ९९३ | १००% | १००% |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ७ | पोखरी संरक्षण | ० | ० | ० | ० | ०% | ०% |
| ८ | मुल संरक्षण | ० | ० | ० | ० | ०% | ०% |
| ९ | अन्य | ० | ० | ० | ० | ०% | ०% |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षित उपलब्धी हासिल हुन सकेन ।

*तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क्र.सं. | लक्ष बमोजिम उपलव्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | सहयोगि संस्था छनौटमा ढिलाई हुनु | ○ योजनामा सहजिकरण गर्न अतिरिक्त कर्मचारीको व्यवस्था । |
| २ | समयमा योजनाहरुको सम्झौता नहुनु | ○ पहिलो चौमासिक भित्र योजनाको सम्झौता गरिसक्नु पर्ने । |
| ३ | बाह्य सामाग्रिहरु जहाजबाट ढुवानी गर्नुपर्ने बाध्यता र भारतिय पर्यटकहरुको भिडले गर्दा समयमा उपलब्ध नहुनु | ○ भारतिय पर्यटकहरुको भिड नहुदै समयमा नै बाह्य सामग्रीको उ.स. बाट टेण्डर गरि सक्नुपर्ने । |
| ४ | भारी हिमपात | ○ भारी हिमपातलाई छलेर कार्य योजना बनाउने । |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

१. सेवा प्रदायक संस्थाका कर्मचारीहरुको लागि परियोजना अभिमुखीकरण गोष्ठी संचालन भई कर्मचारीहरुको क्षमता अभिबृद्धि भएको ।

२. सहकारी संस्थाका पदाधिकारी र सेवा प्रदायक संस्थका कर्मचारीहरुका लागि सहकारी व्यवस्थापन तालिम संचालन भएको ।

३. अगुवा किसानहरुका लागि घरवारी तथा बेमौसमी तरकारी खेती तालिम संचालन हुनुका साथै २ जना स्थानीय स्रोत व्याक्तिहरु परिचालन गरिएको ।

४. ११ वटा घरबारी व्यवस्थापन समुहका ३१३ जनालाई ३ दिने तालिम संचालन गरिएको ।

५. गाउँपालिकाका महिला जनप्रतिनिधि तथा महिला शिक्षकहरुलाई ३ दिने निर्णयमा महिला विषयक कार्यशाला गोष्ठी संचालन उनीहरुले गाउँपालिकामा महिलाका हकहित बारे कुरा उठाउने गरेका ।

६. सचेतना तालिम गतिविधी संचालन गर्दा समुदायमा महिलाहरुले आफ्ना भावनाहरु व्यक्त गर्न सक्ने भएका छन् ।

*तालिका ४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश*

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | ० | २ | ४४७ | ३४७ | २ | ४ | ४४९ | ३५३ |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | ० | १ | २५९ | ६५ | १४ | १६ | २७३ | ८२ |
| जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | ० | ० | ३३० | ५३ | ० | ० | ३३० | ५३ |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | ० | ० | १ | १ | ० | ० | १ | १ |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | ० | १ | ४ | १२ | ० | ३ | ४ | १६ |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | ० | ० | १५ | ० | ० | ० | १५ | ० |
| **जम्मा** | ० | ४ | १०५६ | ४७८ | १६ | २३ | १०७२ | ५०५ |
| **प्रतिशत :** | ०% | | ९७% | | २% | | ६८% | ३२% |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

१. घरबारी : ११ वटा घरवारी व्यवस्थापन समुह गठन भई ३१३ घरपरिवार लाभान्वित भएका छन् ।

२. आयआर्जन : ११ वटा घरवारी व्यवस्थापन समुहमा १२ वटा प्लाष्टिक घर निर्माण गरि घरवारी वगैचा संचालन आएको । घरधुरीहरुमा पोषणको जानाकारी भएको । १० जना अगुवा किसानहरुका लागि घरवारी व्यवस्थापन तालिम तथा ४ जना किसानहरुका लागि बेमौसमि तरकारी खेती तालिम संचालन गरिएको ।

३. सहकारी : १ वटा सहकारीलाई ऋण तथा लेखा , सहकारी व्यवस्थापन तालिम संचालन गरि उनीहरुको सहकारी सम्वन्धी क्षमता विकासमा बृद्धि भएको ।

४. लघु उद्यम :

५. स्थानीय स्रोत व्यक्ति उत्पादन : ३ जना स्थानीय श्रोत व्यक्ति पिरचालन गरिएको ।

***तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण***

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| १ | ० | ० | ० | ० | ० | १४७ | ० | १४७ | ० | १४७ | ० | १४७ |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ५४ | ० | ५४ | ० | ५५ | ० | ५५ | ० | १०९ | ० | १०९ |
| ५ | ० | २५ | ० | २५ | ० | २५ | ० | २५ | ० | ५० | ० | ५० |
| ६ | ० | ७५ | ० | ७५ | ० | ८६ | ० | ८६ | ० | १६१ | ० | १६१ |
| **जम्मा** | **०** | **१५४** | **०** | **१५४** | **०** | **३१३** | **०** | **३१३** | **०** | **४६७** | **०** | **४६७** |

***तालिका ६ : आयआर्जन सम्बन्धी विवरण***

| क.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | | | | |
| २ | व्यवसायिक फलफूल खेती | | | | |
| ३ | लघुउद्यम व्यवसाय | | | | |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | | | | |
| ५ | एग्रोभेट | | | | |
| **जम्मा** | | | | | |

***तलिका ७ : सहकारी सम्बन्धी विवरण***

| क.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम |
|---|---|---|
| | | खिम्जुम नाम्खा कृषि सहकारी |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ० |
| २ | शेयर धनीहरुको संख्या | ६० |
| ३ | कुल सम्पत्ती रु. | १९७,६०० |
| ४ | कुल ऋण लगानी रु | |
| ५ | असूली दर | |
| ६ | खुद नाफा रु | |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | |
| ८ | जगेडा कोष रु. | |
| ९ | सञ्चालन आत्मनिर्भरता | |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७५।१२।१५ गतेको गाउंपालिका परियोजना व्यवस्थापन समितिको निर्णयानुसार अनुगमन कार्यदल गठन गरिएको छ ।

*तालिका ८ : अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण*

| क.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १ | छुईलुड्.गा खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| २ | फुईसुड. खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ३ | ड.योज्याक खा.पा. तथा सरसफाइ योजना | २ | २ | २ |
| ४ | चाड.जुमा खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| ५ | छिसेरी खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| ६ | गुन्छु खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| ७ | छ्याच्ची खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| ८ | गाडापारी खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| ९ | हेप्का खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| १० | लामागाउ खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| ११ | सुन्ताक खा.पा. तथा सरसफाइ योजना | २ | २ | १ |
| १२ | लुमजुड.खोला सिंचाई योजना | २ | २ | २ |
| १३ | ताडि.गन बहुउपयोगि योजना | २ | २ | २ |
| १४ | जाड. सामुदायिक शौचालय | २ | २ | २ |
| १५ | महाबौद्ध मा.वि. शौचालय | २ | २ | २ |
| १६ | बुद्ध आधारभुत विद्यालयमा शौचालय | २ | २ | २ |
| १७ | नमोदुछोमु प्रा.वि. मा शौचालय | २ | २ | २ |
| १८ | सुनखानी प्रा.वि. मा शौचालय | २ | २ | २ |
| १९ | हिल्सामा सामुदायिक शौचालय | १ | १ | १ |
| २० | हेप्का सुधारीएको चुल्हो योजना | १ | १ | १ |
| २१ | खगालगाउ सुधारीएको चुल्हो योजना | १ | १ | १ |
| २२ | गान छ्यौटेन छुनेवाड. सुधारीएको घट्ट | २ | २ | १ |
| २३ | लुमजुड. सुधारीएको घट्ट | २ | २ | २ |
| | **जम्मा** | ४३ | ४३ | ३४ |

*तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु*

| क.सं. | प्रतिवेदन | आ.व. पेश गर्नुपर्ने संख्या | समयमा पेश गरिएको प्रतिवेदन संख्या | समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन ( फाँटबारी) | १२ | १० | |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | |
| | **जम्मा** | **१६** | **१४** | |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझाबहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १ | २०७६।०२।२५ | ०सवै कागजातहरुमा कार्यालय प्रमुखको सहि गराउनुपर्ने | सहि छुट भएका कागजातहरुमा कार्यालय प्रमुखको सहि छाप गरिएको । |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ। आर्थिक वर्ष २०७५।०७६ मा भएको आम्दानी र खर्च रकमको विवरण स्थानीय पत्रिकामा प्रकाशन गरिएको छ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ ।

*तालिका११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७५।०४।२५ | • संक्षिप्त सुचीमा पर्न आएका सहयोगि संस्थाहरुको प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्ने । |
| २ | २०७५।०६।१६ | • सहयोगि संस्था (स्नोल्याण्ड एकिकृत विकास केन्द्र) छनौट तथा थप कर्मचारी छनौटका लागि सहयोगि संस्थालाई पत्राचार गर्ने । |
| ३ | २०७५।०९।०६ | • यारी खोला लद्युजलविद्युत योजनाको विस्तृत सर्वेक्षण गर्ने र सो को खर्च गाउपालिकाबाट बेहोर्ने । |
| ४ | २०७५।१२।११ | • स्थानीय श्रोत व्यक्तिहरुलाई प्रति महिना रु. ८०००। दिने गरि २०७५ चैत्र १६ देखि २०७६ आषाढ मसान्त सम्म करार नियुक्ति दिने ।<br>• यारी खोला लद्यु जलविद्युत योजनाको सर्वेक्षणका लागि कन्सल्टेन्टसंग भएको संझौता खारेज गरि यलायन्स कन्सल्टेन्टबाट गराउने । |
| ५ | २०७६।०२।२९ | • नाम्खा गाउपालिकामा ग्रामीण जलश्रोत व्यवस्थापन परियोजनाबाट संचालित योजनाहरुको प्रगति समिक्षा गरियो । |
| ६ | २०७६।०३।१० | • आ.व. २०७६।७७ मा संचालन गरिने योजनाहरुको छलफल तथा आवश्यक म्याचिङ्ग फण्डका लागि गाउ सभालाई अनुरोध गर्ने । |
| ७ | २०७६।०३।१५ | • आ.व. २०७५।७६ को वार्षिक कार्यक्रमलाई संशोधन गर्ने । |

## ५. नीति तर्जुमा

गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. गाउँपालिकामा खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रका नितिहरुका बारेमा छलफल गरिएको छ । आ.व. २०७६।०७७ मा सो नितिहरुको तर्जुमा गर्ने लक्ष रहेको छ ।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट निम्न तालिका बमोजिमको थप आर्थिक तथा प्राविधिक सहयोग (परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ।

***तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य***

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | गाउपालिका | सरसफाइ सप्ताह | आर्थिक तथा प्राविधिक | १०,०००। |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो।

***तालिका १३ : आईपरेका समस्याहरु तथा समाधानका प्रयासहरु***

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | भारि हिमपात हुनु | ○ हिउ पग्लिए पछि कामको शुरुवात गरिएको छ।<br>○ योजनामा नियमित रुपमा कर्मचारीबाट सहजिकरण गरिएको छ। |
| २. | आवश्यक बाह्य सामाग्रीहरु समयमा उपलब्ध नहुनु | ○ जिल्ला समन्वय समितीसंग बाह्य सामाग्रीहरु सापटी लिई योजना निर्माण गर्ने काम गरिएको छ।<br>○ स्थानीय तह र सरोकारवाला निकायहरुसँग समन्वय सहकार्य गरिएको छ। |
| ३. | उपभोक्ताले जनश्रमदानमा ध्यान नदिनु | ○ पटक पटक उपभोक्ताहरुको आम भेला गरि उपभोक्ताहरुलाई परिचालन गरिएको।<br>○ वडा स्तरीय स्थानीय तह सँग समन्वय गर्नुका साथै नियमित अनुगमन सुपरिवेक्षण गरिएको। |
| ४. | माथि उल्लेखित | ○ मासिक कर्मचारीको बैठक बसि फिल्डमा आएका समस्याहरुको समाधानका लागि जिल्ला प्राविधिक सहयोग इकाई, गाउँपालिका परियोजना व्यवस्थापन समितिसँग समन्वय गरिएको। |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| छुईलुङ्गा खा.पा. तथा सरसफाइ योजना | ४ | २४१८०९२ | २२४२५०० | ९१६००० | २३५००० | ० | ० | २३९ |
| फुईसुङ. खा.पा. तथा सरसफाइ योजना | ५ | ३०८८२५३ | २४७५००० | ७८७००० | १४४००० | ० | ० | १६८ |
| ङ्योज्याक खा.पा. तथा सरसफाइ योजना | ४ | ७४५२२७७ | ६९९४५०० | २९२१००० | ६९५००० | ० | ० | ३८३ |
| चाङ.जुमा खा.पा. तथा सरसफाइ योजना | ६ | ४२०९०३९ | ३९८९००० | १६८९००० | ३९२००० | ० | ० | २८२ |
| छिसेरी खा.पा. तथा सरसफाइ योजना | ६ | २९७८४४९ | २७७५५०० | ११४८००० | २७७००० | ० | ० | २६३ |
| गुन्छु खा.पा. तथा सरसफाइ योजना | ६ | १९५५२१४ | १८२३००० | ७५५००० | १८२००० | ० | ० | १६२ |
| छ्याच्ची खा.पा. तथा सरसफाइ योजना | ४ | २७७१११७ | १,८३२,००० | १,८३२,००० | ४४७००० | १ | ९३९११७ | ० |
| गाडापारी खा.पा. तथा सरसफाइ योजना | १ | २९१३८५३ | १,९२२,००० | १,९२२,००० | ४६६००० | १ | ९९१८५३ | ० |
| हेप्का खा.पा. तथा सरसफाइ योजना | १ | २७४९०८५ | २,१११,००० | २,१११,००० | ७३७००० | १ | ६३८०८५ | ० |
| लामागाउ खा.पा. तथा सरसफाइ योजना | १ | १९८७७८६ | १,३३३,००० | १,३३३,००० | ३४०००० | १ | ६५४७८६ | ० |
| सुन्ताक खा.पा. तथा सरसफाइ योजना | ५ | ६६२७३८५ | ४३७३००० | ४३७३००० | १०६०००० | १ | २२५४३८५ | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **जम्मा :** | | **३९१५०५५१** | **३१८७०५००** | **१९७८७०००** | **४९७५०००** | **५** | **५४७८२२६** | **१४९७** |
| **सिँचाई/बहुपयोगी योजना** | | | | | | | | |
| लुमजुङ.खोला सिंचाई योजना | ४ | ३२२०४६८ | २०७०००० | २०७०००० | ४६०००० | १ | ११५०४६८ | ० |
| ताडि.गन बहुउपयोगि योजना | १ | २८८७०४६ | १८४३००० | १८४३००० | ४००००० | १ | १०४४०४६ | ० |
| **जम्मा :** | | **६१०७५१४** | **३९१३०००** | **३९१३०००** | **८६००००** | **२** | **२१९४५१४** | **०** |
| **संस्थागत शौचालय** | | | | | | | | |
| जाड. सामुदायिक शौचालय | ६ | ३०८०६५ | ३०८००० | १५४००० | ८०००० | ० | ० | २६५ |
| महाबौद्ध मा.वि. शौचालय | ४ | १२४७३६८ | १२४६५०० | ७०८००० | ३००००० | ० | ० | ३२० |
| बुद्ध आधारभुत विद्यालयमा शौचालय | १ | ३१४०८२ | १५७००० | १५७००० | ० | १ | १५७०८२ | ० |
| नमोदुछोमु प्रा.वि. मा शौचालय | १ | ३१५२९१ | १५७००० | १५७००० | ० | १ | १५८२९१ | ० |
| सुनखानी प्रा.वि. मा शौचालय | ६ | ३३५५२० | ३३५००० | ३३५००० | ९६००० | ० | ० | ४६ |
| हिल्सामा सामुदायिक शौचालय | ५ | १५८४२९७ | ७९२००० | ७९२००० | ० | १ | ७९२२९७ | ० |
| **जम्मा :** | | **४१०४६२३** | **२९९५५००** | **२३०३०००** | **४७६०००** | **३** | **११०७६७०** | **६३१** |
| **सुधारिएको चुल्हो** | | | | | | | | |
| हेप्का सुधारीएको चुल्हो योजना | १ | २९५०४०० | १८४३५०० | १८४३५०० | ३६८५०० | १ | ११०६९०० | ० |
| खगालगाउ सुधारीएको चुल्हो योजना | ३ | १७९०६०० | ८९५००० | ८९५००० | ० | १ | ८९५६०० | ० |
| **जम्मा :** | | **४७४१०००** | **२७३८५००** | **२७३८५००** | **३६८५००** | **२** | **२००२५००** | **०** |
| **सुधारिएको घट्ट योजना** | | | | | | | | |
| गान छ्यौटेन छुनेवाड. सुधारीएको घट्ट | ६ | १०५६८६८ | १०४४००० | १०४४००० | २४५००० | ० | ० | ७९८ |
| लुमजुड. सुधारीएको घट्ट | ४ | २८१७४४.५ | २८०००० | १४०००० | ४२००० | ० | ० | १९५ |
| **जम्मा :** | | **१३३८६१२** | **१३२४०००** | **११८४०००** | **२८७०००** | **०** | **०** | **९९३** |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण

| क्र.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | परियोजना अभिमुखिकरण, सरसफाइ तथा GESI अभिमुखिकरण | | १ | ८ | ० | ० | ३५ | २३ | ० | ० |
| २ | सामुदायिक कार्य योजना तालिम | | २ | ८ | ० | ० | ३५ | २३ | ० | ० |
| ३ | उपभोक्ता समिती व्यवस्थापन तालिम | | ३ | ८ | ० | ० | ५१ | ३५ | ० | ० |
| ४ | निर्माण पुर्वको गोष्ठि | | १ | ८ | ० | ० | ३० | २१ | ० | ० |
| ५ | निर्माण अवधिको गोष्ठि | | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ६ | निमाण पश्चातको तालिम | | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | मर्मत संभार तथा खानपानी सुरक्षा योजना तालिम | | ३ | १ | ० | ० | ४ | ५ | ० | ० |
| ८ | वडा स्तरीय निर्माण पश्चातको भेला | | १ | ० | ० | ० | ० | ० | ० | ० |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | पुर्ण सरसफाइ तथा साबुन पानीले हात धुने अभ्यास | | १ | ४ | ० | ० | १७५ | ० | ० | ० |
| २ | सरसफाइ सप्ताह | | १ | १ | ० | १ | ८४ | ६५ | १४ | १६ |
| ३ | सार्वजनिक सुनुवाई | | १ | ८ | ० | २ | २७७ | २४० | २ | ४ |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | घरवारी व्यवस्थापन तालिम | | ३ | ७ | ० | ० | २८३ | ३० | ० | ० |
| २ | घरवारी अभिमुखिकरण | | १ | ११ | ० | ० | ३५ | २३ | ० | ० |
| ३ | अगुवा किसानहरुका लागि घरवारी व्यवस्थापन तालिम | | ५ | १ | ० | ० | ९ | १ | ० | ० |
| ४ | बेमौसमी तरकारी खेती तालिम | | ५ | १ | ० | ० | ४ | ० | ० | ० |
| ५ | लेखा ऋृण तथा कार्यालय व्यवस्थापन तालिम | | ५ | १ | ० | ० | ० | ५ | ० | ० |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | स्थानीय श्रोत व्यक्तिका लागि घरवारी व्यवस्थनपन तालिम | | ५ | १ | ० | ० | १ | १ | ० | ० |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | स्थानीय श्रोत व्यक्तिका लागि बेमौसमि तरकारी खेती तालिम | | ५ | १ | ० | ० | १ | १ | ० | ० |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | गाउपालिका स्तरीय जलउपयोग गुरुयोजना गोष्ठी | | ३ | १ | ० | १ | ४ | १२ | ० | ३ |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | | | | ० | ० | ० | ० | ० | ० | ० |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |
| १ | निर्णयमा महिला सम्वन्धि गोष्ठि | | ३ | १ | ० | ० | १५ | ० | ० | ० |
| २ | सहयोगि संस्थाका कर्मचारीहरुका लागि अभिमुखिकरण गोष्ठि | | ३ | १ | ० | ० | २ | २ | १ | ६ |

## अनुसूची २.१ : परीयोजना द्वारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्य योजनाहरुको अवस्था

| क्र.स. | योजनाको नाम | वार्ड नं. | योजना सम्पन्न बर्ष | योजनाको कुल लागत उ.स.को सहभागीता समेत | योजनाको प्रकार | उ.स.का अध्यक्षको नाम | मर्मत सम्भार कोषको रकम | योजनाको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | छुईलुङ्गा खा.पा. तथा सरसफाइ योजना | ४ | २०७६ | ३,३६९,३७३.९८ | ग्राभिटी | दार्जी तामाङ | २४००० | चालु | |
| २ | फुईसुङ खा.पा. तथा सरसफाइ योजना | ५ | २०७६ | ४,११७,६७०.०२ | ग्राभिटी | थुक्तेन ग्याछो लामा | १८००० | चालु | |
| ३ | ङयोज्याक खा.पा. तथा सरसफाइ योजना | ४ | २०७६ | ९,९३६,३६९.५४ | ग्राभिटी | थुक्तेन तामाङ | २४००० | चालु | |
| ४ | चाङजुमा खा.पा. तथा सरसफाइ योजना | ६ | २०७६ | ५,६१२,०५१.९३ | ग्राभिटी | खेराप तामाङ | १४००० | चालु | |
| ५ | छिसेरी खा.पा. तथा सरसफाइ योजना | ६ | २०७६ | ३,९७१,२६५.७३ | ग्राभिटी | टसि फुर्बु लामा | २०००० | चालु | |
| ६ | गुन्छु खा.पा. तथा सरसफाइ योजना | ६ | २०७६ | २,६०६,९५२.१५ | ग्राभिटी | पेमा टुण्डुप लामा | १६००० | चालु | |
| ७ | लुमजुङ सुधारीएको घट्ट योजना | ४ | २०७५ | ४२४,४२४.३६ | घट्ट | पेमा छिरीङ लामा | २५००० | चालु | |
| ८ | गान छ्यौटान छुनेवाङ सुधारीएको घट्ट योजना | ६ | २०७६ | १,६५३,५७७.४४ | घट्ट | याङजोर लामा | ३५००० | चालु | |

## अनुसूची २.२ : गत वर्ष २०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था

| कुल पेश्की/वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की/वेरुजु रकम रु | फर्छ्यौट भइ वांकी पेश्की/वेरुजु रकम रु | कैफियत |
|---|---|---|---|
| १२९,२७,५००। | १२९,२७,५०० | ० | |

## अनुसूची २.३ : आर्थीक बर्ष २०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था

| आ.व.२०७४।०७५ सम्मको पेश्की/वेरुजु रकम मध्ये २०७५।०७६ मा फर्छ्यौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की/वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत २०७५।०७६ सम्मको कुल पेश्की तथा वेरुजु वांकी रकम रु | कैफियत |
|---|---|---|---|
| ० | ० | ० | |

## अनुसूची ३ : गाउँपालिकाका नमूना उपलब्धीहरु तथा सफलताका कथाहरु

**समुद्रि सतहवाट ४००० मी. अग्लो वस्तीहरुमा सुरक्षित खानेपानीको पहुच**

नेपालकै ठुलो गाउँपालिका भनेर चिनिने नाम्खा गाउपालिका कर्णाली प्रदेश हुम्ला जिल्लाको सुदुर उत्तर पश्चिम भागमा अवस्थित रहेको छ। यो चीनको स्वसाशित क्षेत्र तिब्बतसंग जोडिएको छ। जसको कुल क्षेत्रफल २४१९.६४ वर्ग कि.मी. छ। साविकको हेप्का, खगालगाउँ, मुचु र लिमी गा.वि.स.हरु मिली बनेको यस गाउँपालिकामा हाल जम्मा ६ वटा वडा रहेका छन्। यस गाउँपालिकाको पुर्वमा सिमकोट गाउँपालिका, पश्चिम र उत्तरमा चिनको तिव्वत क्षेत्र र दक्षिणमा बझाङ्ग र बाजुरा जिल्ला रहेका छन्। वि.स. २०६८ को जनगणना अनुसार यस गाउँपालिका करिब ३९०० जनसंख्या र ८४४ घरधुरी रहेको छन्। यस गाउँपालिमा एक मात्र जाति तामाङ्ग (लामा) हरुको मात्र बसोवास रहेको छ। यिनीहरु सबै बौद्ध धर्म मान्छन्। यस गाउँपालिकाका प्रत्येक टोलमा प्रतिक देवता मानिने बौद्ध गुम्वाहरु रहेका छन्। यिनीहरुको मुख्य चाड सोनाम ल्होसार हो। यस गाउँपालिकाका ६ वटा वडा मध्ये ६ नम्वर वडा साविकको लिमी गा.वि.स तिन वटा टोल रहेका छन्। उक्त तिन वटै बस्तिहरु समुद्रि सतहबाट ४००० मिटर भन्दा माथी रहेका छन्। उक्त तिन वटै टोलमा कुनै पनि मोवाईलको नेटवर्क छैन तर भिसेट लेनलाईन छन्। ति तिन वटै टोलका मानिस २५% नेपाली बुझ्छन् भने १०% ले मात्र बोल्छन। उक्त तिन वटै टोलमा स्थानीय निर्वाचनवाट चुनेका जनप्रतिनिधिलाई र नेपाल सरकारको निति नियम १०% मात्र लागु हुन्छ भने उनिहरुले आफैले गाउँमा बनाएका अध्यक्ष र गाउँलेले बनाएको निति नियम ९०% लागु गर्छन्। उनीहरुको सबै चाईनिज नियम छ। उक्त तिन वटै टोलमा उब्जानीको हिसाबले अन्न बालीमा जौ मात्र बर्षको एक पटक, दालहन बालीमा केराउ(कला) उत्पादन हुन्छ। हल्जी भन्ने टोलमा एउटा बौद्ध गुम्बा छ उक्त गुम्बा नेपालकै सबै भन्दा पुरानो ११०० बर्ष पहिले निमार्ण भएको हो भन्ने भनाई छ। उक्त तिन वटै टोलमा पेल्टी सेट (बत्ती) बाहेक अहिले सम्म कुनै पनि नेपाल सरकार, संघ सस्था र परियोजनावाट आयोजनाहरु निर्माण भएका छैनन्। त्यहाका जानमान वुद्धिजिवीलाई बुझ्दा योजना कसैले नदिएको हो की हजुरहरुले निर्माण गर्न नचाहनु भएको भन्दा उनीहरुको भनाई थियो कहिले काही सदरमुकाम जादा लिमी योजना फलानो फलानो छन् भनेर सुनिन्थो तर कुन ठाउँमा निर्माण हुन्थे कता वाट पास हुन्थे कस्को हातमा पैसा जान्थ्यो केही थाहा छैन भन्छन्। तर उनीहरुले आफ्नो कमजोरी नि स्विकार गरे किनकी १२ महिनामा ६ महिना हिउँ पर्ने बाकी ६ महिना (ताक्लाकोट) चाईनामा पैसा कमाउन जाने खासै विकासी काम हुने भनेको जेठ र असार महिना मात्र तर त्यो समयमा कर्मचारी काम गराउन आउन नसक्ने यदि कोही आएपनि गाउँमा योजना सम्पन्न हुनु त कताकता कर्मचारी लाई बस्न खान पनि धरै समस्या हुन्थ्यो। गत बर्षवाट मात्रै ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना लागु भई जलश्रोत सम्वन्धि क्रियाकलापहरुमा सहयोग गरिरहेको छ। पारदर्शि तरिकाले सबै योजनाहरु सम्पन्न गरिदिएकोमा ग्रामिण जलश्रोत व्यवस्थापन परियोजना लाई हृदय देखीनै आभार व्यक्त गर्दछन्। हिजोको दिन सम्म खोलाको पानी खाने र हाल धाराको सुरक्षित पानी पिउन पाउदा ज्यादै खुशी छन्। **जाङ्ग गाउँमा** छिसेरी खानेपानी तथा सरसफाइ योजनामा १ वटा ईनटेक, आरभिटी ८ घ.मी. को १ वटा, १० वटा सार्वजनिक धारा, १ वटा विद्यालय धारा, १ वटा एनिमल ट्रप, १ वटा विद्यालय शौचालय, १ वटा गुम्वाको सार्वजनिक शौचालय, **हल्जी गाउमा** चाङजुमा खानेपानी तथा सरसफाइ योजनामा १ वटा ईनटेक, आरभिटी १० घ.मी. को १ वटा, ७ वटा सार्वजनिक धारा, १ वटा विद्यालय शौचालय, १ वटा सुधारिएको आधुनिक घट्ट र **तिल गाउँमा** गुन्छु खानेपानी तथा सरसफाइ योजनामा १ वटा ईनटेक, आरभिटी ६ घ.मी. को १ वटा, ४ वटा सार्वजनिक धारा, १ वटा सुधारिएको आधुनिक घट्ट निर्माण भएको छ। नाम्खा गाउपालिका वार्ड नं. ६ का तिन वटै वस्तिका व्यक्तिहरु योजनाको चरणवद्ध क्रियाकलापबाट क्षमतामा अभिवृद्धि भएको छ। पानी बोक्न लाग्ने समयको बचत भई अन्य आयआर्जनका क्रियाकलापहरुमा गर्न सक्ने भएका छन्।

## अनुसूची ४ : भिजिबिलिटी

- परियोजना प्रभावकारी संचालन गर्नको लागि महिला शसक्तिकरण, सरसफाइ सम्वन्धी जनचेतनामुलक सन्देश दिनको लागि एफ. एम. रेडियो कार्यक्रम संचालन गरिएको छ।
- योजनाको प्रभावकारी कार्यान्वयन तथा पारदर्शिताको लागि सबैले देख्ने गरि सुचना बोर्ड टाँस गरिएको छ।
- परियोजनाको लक्ष्य उद्देश्य पूर्ति गर्नको लागि विभिन्न दिवशहरु ( विश्व चर्पी दिवश, विश्व पानी दिवश, अन्तराष्ट्रिय महिला दिवश, राष्ट्रिय सरसफाइ सप्ताह, महिनावारी स्वच्छता दिवश) मनाइएको छ।
- सम्पन्न योजनाहरुका संरचनाहरुमा सरसफाइ सम्वन्धि नाराहरु लेखिएको छ।
- गोरखापत्र र कान्तिपुर राष्ट्रिय दैनिक पत्रिकामा योजनाहरुको वारेमा समाचार लेखिएको छ।

## अनुसूची ५ : जनशक्ति विवरण

| क्र.स. | कर्मचारी नाम थर | पद | परियोजना/ सहयोगि संस्था | कैफियत |
|---|---|---|---|---|
| १ | दन्त बहादुर शाही | गा.पा.जलश्रोत अधिकृत | RVWRMP-नाम्खा गा.पा. | |
| २ | कार्वु लामा | प्राविधिक सहजकर्ता | RVWRMP-नाम्खा गा.पा. | |
| ३ | ध्रुव बहादुर शाही | फिल्ड संयोजक | SIDC, Humla | |
| ४ | छक्क बहादुर लामा | फिल्ड संयोजक | SIDC, Humla | |
| ५ | लंक लामा | सब इन्जिनियर | SIDC, Humla | |
| ६ | रुपसिंह भण्डारी | जिविकोपार्जन प्रवर्द्धक | SIDC, Humla | |
| ७ | जितेन्द्र रावत | जलश्रोत प्राविधिक | SIDC, Humla | |
| ८ | सरिता लामा | जलश्रोत प्राविधिक | SIDC, Humla | |
| ९ | सोभन शाही | जलश्रोत प्राविधिक | SIDC, Humla | |
| १० | वविता शाही | सरसफाइ तथा स्वच्छता प्रवर्द्धक | SIDC, Humla | |
| ११ | जिक्मेत डोल्मा लामा | सरसफाइ तथा स्वच्छता प्रवर्द्धक | SIDC, Humla | |
| १२ | पेमा थुम्तेन लामा | स्थानीय श्रोत व्यक्ति | RVWRMP-नाम्खा गा.पा. | |
| १३ | सम्जी डोमा लामा | स्थानीय श्रोत व्यक्ति | RVWRMP-नाम्खा गा.पा. | |
| १४ | सोनाम टुंहुटी लामा | स्थानीय श्रोत व्यक्ति | RVWRMP-नाम्खा गा.पा. | |

***